एकच्छ र एकतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहको निर्माणमा तयार भइरहेको चलचित्र "चानीमाया"को प्रदर्शनको तयारी भइरहेको छ । सामाजिक प्रेमकथामा आधारित यस चलचित्रको छायांकन गत साउनमा काठमाडौंको गाग्रालफेदीबाट सुरु गरिएको थियो । ओम प्रतीकको लेखन तथा निर्देशनमा निर्माण भइरहेको चलचित्रमा पल शाह र अञ्जना मगर मुख्य भूमिकामा छन् । पल शाह र चन्द्रज्योति आलेको लगानीमा निर्माण भइको चलचित्रलाई आगामी फागुन ७ गतेदेखि प्रदर्शनमा ल्याउने घोषणा गरिएको छ ।

आजको विचार...



२० वर्ष...
(दुई पेजमा)

सुमन अधिकारी

अभिनेत्री रेसा थापाको निर्देशनमा बनेको चलचित्र "माया भनेकै यस्तो होला"मा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठ, सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र नीति शाहलगायत कलाकारको अभिनय रहेको छ । पारिवारिक तथा त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्रमा प्रेम, विश्वास, विवाह र सम्बन्धका उतारचढावलाई प्रस्तुत गरिएको छ । चलचित्रको वितरण रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले गरेका छन् ।



❐ वर्ष ३२ ❐ अंक ११५ ❐ २०८३ मंसिर ६ गते आइतबार 22 November 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

मदिरा सेवन गर्दा १५ जनाको ज्यान गयो

एजेन्सी

मणिपुर, मंसिर ५/ भारतको मणिपुरस्थित चन्देल जिल्लामा विषाक्त मदिरा पिउँदा १५ जनाको मृत्यु भएको छ । न्यूज एजेन्सी आईएनएसका अनुसार ६ सय भन्दा बढी मानिसहरु विभिन्न अस्पतालहरुमा भर्ना भएका छन् । तीमध्ये पनि ३ जनाको अवस्था गम्भीर रहेको बताइएको छ । स्थानीयका अनुसार पछिल्लो २-३ दिनयता यो घटना सतहमा आएको छ । मदिरा पिएपछि मानिसहरुको स्वास्थ्यमा समस्या देखिएको थियो । यद्दपि मदिरा कहाँबाट ल्याइएको थियो भन्ने जानकारी आधिकारिक निकायसँग अहिलेसम्म आइसकेको छैन । सन् २०२६ मा विषाक्त मदिरा सेवनबाट मध्यप्रदेश, गुजरातसहित ६ राज्यमा १२० भन्दा बढी मानिसहरुले ज्यान गुमाइसकेका छन् । प्रहरीका अनुसार प्रभावित मानिसहरुले जुन मदिरा सेवन गरेका थिए, त्यसलाई मणिपुरको कोकचिङ जिल्लाका सुगनूसँग खरिद गरिएको भारतको सञ्चारमाध्यम दैनिक भास्करले उल्लेख गरकों छ । जाँचमदिरामा मेथानोल मिलाइएको आशंका गरिएको छ । अहिलेसम्म यस घटनामा १० जनालाई प्रहरीले पक्राउ गरेको छ । चन्देल जिल्लामा स्थानीय स्तरमा मदिरा बन्ने गरेको कुनै जानकारी नआएको प्रहरीले बताएको छ ।

पाल्पाको पर्यटन प्रवर्द्धन र सम्पदाको खोजीमा दुई सय साइकलयात्री

तानसेनदेखि पूर्वी पाल्पासम्मको यात्रा

रामचन्द्र रायमाझी

पाल्पा, मंसिर ५/ पाल्पाका ऐतिहासिक, धार्मिक तथा प्राकृतिक सम्पदाको अवलोकन गर्दै तिनको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउने उद्देश्यसहित मेचीदेखि महाकालीसम्मका करिब दुई सय साइकलयात्री पूर्वी पाल्पाको यात्रामा निस्किएका छन् । साइकलका पाङ्ग्रासँगै पर्यटन प्रवर्द्धनको सन्देश बोकेर शनिबार बिहान तानसेनबाट सुरु भएको यात्रा पूर्वखोला र निस्दीका पर्यटकीय गन्तव्य हुँदै रामपुरमा पुगेर टुङ्गिनेछ ।

पर्यटकीय सम्भावना बोकेर पनि पर्याप्त प्रचारप्रसारको अभावमा ओझेलमा परेका सम्पदालाई चिनाउने उद्देश्यले पाल्पा साइकलिङ संघले दुईदिने 'हेरिटेज राइड (सम्पदा यात्रा) २०८३' आयोजना गरेको हो । यात्रामा



विश्व साइकलयात्री तथा सगरमाथा आरोही पुष्कर शाहसहित देशका विभिन्न जिल्ला र विदेशबाट आएका साइकलयात्री सहभागी छन् । कुनै ठाउँको सुन्दरता हेर्न मात्र होइन, त्यहाँको इतिहास, संस्कृति र जीवनशैली बुझ्न पनि यात्रा महत्वपूर्ण हुने भएकाले यसपटक पूर्वी पाल्पाका गन्तव्यलाई प्राथमिकतामा राखिएको आयोजकको भनाइ छ । तानसेनका पुराना बस्ती, ऐतिहासिक दरबार र धार्मिक स्थल हुँदै ग्रामीण क्षेत्रका प्राकृतिक सम्पदासम्म पुग्ने यात्राले पाल्पाको पर्यटनलाई नयाँ ढङ्गले चिनाउने अपेक्षा गरिएको छ ।

संघका अध्यक्ष रुपेश महर्जनका अनुसार जिल्लाका धार्मिक तथा पर्यटकीय क्षेत्रलाई एकआपसमा जोड्दै तिनको प्रचारप्रसार गर्ने उद्देश्यले यात्रा आयोजना गरिएको हो । पर्याप्त प्रचारको अभावमा ओझेलमा परेका सम्पदालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन साइकल यात्राले सहयोग पुग्ने उनले बताए । यात्रामा दुई जना विदेशी, जिल्ला बाहिरका १५० जना र पाल्पाभित्रका ५० जना साइकलयात्री सहभागी भएका छन् । शनिबार बिहान ८ बजे तानसेन दरबार परिसरबाट सुरु भएको यात्रामा सहभागीलाई टीका लगाएर बिदाइ गरिएको थियो । पाल्पा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य सन्दीप रानाले झण्डा उठाएर यात्राको शुभारम्भ गरेका थिए । उनले पाल्पामा पर्यटकीय सम्भावना बोकेका धेरै स्थल रहेकाले तिनको प्रचारप्रसार र आवश्यक पूर्वाधार विकासमा ध्यान दिनुपर्ने बताए ।

(... बाँकी अन्तिम पेजमा)

शिक्षामा पहुँच सुनिश्चित गरौं

-शिक्षाबाट वञ्चित हुने अवस्थाको अन्त्य गरौं,

-विद्यार्थीमा सिर्जनशील क्षमताको विकास गरौं,

-विद्यार्थी मैत्री वातावरण निर्माण गरौं,

-विद्यार्थीमा अनुशासन, नैतिकता, सहिष्णुता र सामाजिक उत्तरदायित्वको भावना विकास गरौं,

-शिक्षालाई जीवनोपयोगी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रधानमन्त्री बालेन शाह आज भारत भ्रमणमा जाँदै

पाल्पा, मंसिर ५/प्रधानमन्त्री बालेन शाह आज दिउँसो भारतको दुईदिने राजकीय भ्रमणमा जाने भएका छन् । परराष्ट्र मन्त्रालयका अनुसार प्रधानमन्त्री शाह नेपाल वायुसेवा निगमको नियमित उडानमार्फत दिउँसो सवा ३ बजे भारत प्रस्थान गर्नेछन् ।

भ्रमण टोलीमा अर्थमन्त्री डा. स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाललगायत सहभागी हुनेछन् । प्रधानमन्त्री शाहको राजकीय भारत भ्रमण २५ घण्टा ३५ मिनेटको हुने कार्यतालिका तयार भएको छ । छोटो भ्रमणमा उनले भारतीय समकक्षी नरेन्द्र मोदीसँग व्यापार, पारवहन, लगानी, ऊर्जा र पूर्वाधार विकासलाई केन्द्रमा राखेर एक घण्टा २५ मिनेट वार्ता गर्नेछन् । प्रधानमन्त्री शाह आइतबार दिउँसो सवा ३ बजेदेखि सोमबार अपराह्न



४:५० सम्म नयाँदिल्ली रहने कार्यतालिका छरु। प्रधानमन्त्री शाहको राजकीय भ्रमण नेपाल र भारतका परराष्ट्र मन्त्रालयले शुक्रबार सार्वजनिक गरेका हुनुरु। परराष्ट्रसचिव अमृतबहादुर राईले भ्रमण घोषणा गरेलगत्तै मन्त्रालयले प्रेस नोट सार्वजनिक गरेको छ भने त्यसलगत्तै भारतीय विदेश मन्त्रालयले शुक्रबार भ्रमणको विस्तृत कार्यतालिका सार्वजनिक गरेको छ। प्रधानमन्त्रीहरू दिल्लीबाहिर जाने विगतका प्रचलन यसपटक तोडिँदै छ। प्रधानमन्त्रीको अहिलेसम्मकै छोटो बसाइ हुनेछ। प्रधानमन्त्री शाहलाई गत चैतमै भारतीय समकक्षी मोदीले निमन्त्रणा दिएका थिए। शाह प्रधानमन्त्री भएको आठ महिनापछि भारत भ्रमण हुन लागेको छ। संयुक्त राष्ट्रसंघीय महासभामा सहभागी हुन प्रधानमन्त्री शाह न्युयोर्क भ्रमणमा गएका थिए। यो उनको पहिलो औपचारिक विदेश भ्रमण हो। यस्तै प्रधानमन्त्री शाहले भारत भ्रमणअघि पूर्वप्रधानमन्त्री, पूर्वपरराष्ट्रमन्त्री तथा संसद्मा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूसँग परामर्श गर्ने परम्परा तोडेका छन् । भारतसँगको सम्बन्धमा उठाउनुपर्ने राष्ट्रिय हितका मुद्दाबारे उनीहरूसँग सुझावसमेत नमागिएको भन्दै राजनीतिक वृत्तमा यसको आलोचना भइरहेको छ ।

पा.वि.हु.व.नं. ०५१/०५२ पा.वि.प्र.का.व.नं. १९/०५१/०५२
जनचेतना

सम्पादकीय

टेलिभिजनको विश्वसनीयता जोगाऔँ

टेलिभिजन आधुनिक सञ्चारमाध्यमको महत्वपूर्ण उपलब्धि हो । सूचना, शिक्षा र मनोरञ्जनलाई एकैसाथ दृश्य तथा श्रव्य माध्यमबाट आम नागरिकसम्म पुऱ्याउने प्रभावकारी साधनका रूपमा टेलिभिजनले लामो समयदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । विश्वका विभिन्न घटना, गतिविधि, सामाजिक परिवर्तन र जनजीवनका विषयलाई तत्काल घर-घरमा पुऱ्याउने माध्यमका रूपमा यसको आफ्नै विशिष्ट पहिचान छ । प्रत्येक वर्ष नोभेम्बर २१ मा मनाइने विश्व टेलिभिजन दिवसले सञ्चार क्षेत्रमा टेलिभिजनको महत्व र योगदानलाई स्मरण गराउँछ । संयुक्त राष्ट्रसंघले सन् १९५६ मा पहिलो विश्व टेलिभिजन मञ्च आयोजना गरेपछि नोभेम्बर २१ लाई विश्व टेलिभिजन दिवसका रूपमा मनाउने घोषणा गरेको हो । यस दिवसले विश्वव्यापी सञ्चार, शान्ति, विकास, शिक्षा र सामाजिक चेतना अभिवृद्धिमा टेलिभिजनको भूमिकालाई उजागर गर्ने उद्देश्य राखेको छ ।

प्रविधिको तीव्र विकाससँगै सञ्चारका माध्यमहरू परिवर्तन भइरहे पनि टेलिभिजनको प्रभाव र विश्वसनीयता अझै महत्वपूर्ण रहँदै आएको छ । टेलिभिजन केवल मनोरञ्जनको साधन मात्र होइन, यो समाजलाई सुसूचित र सचेत बनाउने महत्वपूर्ण माध्यम पनि हो । देश तथा विदेशका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र विकास निर्माणसँग सम्बन्धित घटनालाई जनतासमक्ष पुऱ्याउन यसको भूमिका उल्लेखनीय छ । प्राकृतिक विपत्ति, महामारी, निर्वाचन, सार्वजनिक सरोकार र राष्ट्रिय महत्वका विषयमा नागरिकलाई समयमै जानकारी दिन टेलिभिजनले प्रभावकारी भूमिका खेल्दै आएको छ । यसका साथै शैक्षिक कार्यक्रम, वृत्तचित्र र जनचेतनामूलक सामग्रीमार्फत नागरिकको ज्ञान र चेतनास्तर बढाउन पनि यसको योगदान छ । नेपालमा पनि टेलिभिजन पत्रकारिताले सूचना तथा सञ्चारको क्षेत्रमा महत्वपूर्ण स्थान बनाएको छ । नेपाल टेलिभिजनबाट सुरु भएको टेलिभिजन प्रसारण यात्रा अहिले विभिन्न निजी टेलिभिजन च्यानलसम्म विस्तार भएको छ । यसले समाचार, शिक्षा, मनोरञ्जन र सामाजिक विषयवस्तुलाई नागरिकको पहुँचमा पुऱ्याएको छ । तर पछिल्लो समय इन्टरनेट र सामाजिक सञ्जालको विस्तारसँगै टेलिभिजनले नयाँ चुनौतीको सामना गर्नुपरेको छ । मोबाइल फोन र डिजिटल प्लेटफर्मबाट तत्काल सूचना प्राप्त गर्न सकिने भएपछि दर्शकको रुचि र हेर्ने बानीमा समेत परिवर्तन आएको छ । डिजिटल प्रविधिको विकासलाई चुनौतीका रूपमा मात्र नलिई अवसरका रूपमा उपयोग गर्न आवश्यक छ । टेलिभिजनले पनि समयअनुसार आफ्नो प्रसारण शैली, सामग्री र प्रविधिमा सुधार गर्नुपर्छ । दर्शकको रुचि र आवश्यकतालाई ध्यानमा राख्दै गुणस्तरीय, तथ्यपरक र विश्वसनीय सामग्री उत्पादनमा जोड दिनुपर्छ । समाचार प्रसारण गर्दा सत्यतथ्यको पुष्टि, सन्तुलित प्रस्तुति र पत्रकारिताको आचारसंहिताको पालना अनिवार्य हुनुपर्छ । गलत सूचना, भ्रामक समाचार र सनसनीपूर्ण सामग्रीबाट टाढा रहनु आजको टेलिभिजन पत्रकारिताको प्रमुख दायित्व हो ।टेलिभिजनलाई मनोरञ्जनको साधनमा मात्र सीमित नराखी ज्ञान, चेतना, सुशासन र सामाजिक रूपान्तरणको प्रभावकारी माध्यम बनाउन सबै पक्षको ध्यान जान जरुरी छ ।

Opinion @ Social Network

मन मिलेर जोडेका सम्बन्धहरू कदापि टुट्दैनन ।
स्वार्थ मिलेर जोडेका सम्बन्धहरू कदापि टिक्दैनन ।
(सुमन रेगामीको फेसबुक स्टाटसबाट www.facebook.com/Suman.Regami)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सबनुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

२० वर्षदेखि न्यायको ढोकामा द्वन्द्वपीडित



सुमन अधिकारी

०६३ मङ्सिर ५ गते सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएर १० वर्ष लामो सशस्त्र द्वन्द्व अन्त्यको घोषणा भएको २० वर्ष पुग्यो। तर सरकारको निरन्तर उपेक्षाले शान्ति सम्झौताअनुसार द्वन्द्वकालमा भएका मानवअधिकार उल्लेनका पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार आकाशको फलजस्तो भएको छ, पीडितको पीडा झन् बल्झिएको छ।

सरकार र दलहरूको सत्तास्वार्थ तथा अनिच्छाले सङ्क्रमणकालीन न्याय प्रक्रिया ठप्प हुँदा शान्ति प्रक्रिया अलपत्र बनेको छ। न्यायप्रतिको आशा मर्दै जाँदा उनीहरूमा निराशा र आक्रोश बढेको छ, न्याय पाउने विश्वास क्षीण हुँदै गएको छ र सरकार तथा न्याय प्रक्रियाप्रतिको भरोसा कमजोर भएको छ। जसको पीडा, आँसु र रगतको जगमा देशमा परिवर्तन आएको बखान गर्ने गरिन्छ, तिनै पीडित आज सबैभन्दा बढी उपेक्षित र पीडित छन्।

न्याय र सत्यतथ्यको पर्खाइमा रहेका बेपत्ता पारिएका नागरिकका परिवारजन कुशको शव बनाएर काजकिरिया गर्न बाध्य छन्। कतिपय घाइते तथा अपाङ्गता भएका पीडितहरूले उचित उपचारको अभावमा ज्यान गुमाउनुपरेको छ।दुईपटक संविधानसभाको निर्वाचनमार्फत सैँय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ जारी गरेर शान्ति सम्झौताको पहिलो कार्यभार सम्पन्न गरियो। सरकारले इमानदारीपूर्वक काम गर्ने, देश कानुनी शासन, न्याय, मानवअधिकार र आर्थिक समृद्धिको बाटोमा लम्कने आमनागरिकको अपेक्षा थियो। तर दलहरू सत्तास्वार्थमा केन्द्रित हुँदा आर्थिक-सामाजिक रूपान्तरण र सेवा प्रवाहमा अपेक्षित सुधार हुन सकेन।

यसबाट बढेको निराशा र आक्रोशले २०८२ भदौमा जेनजी आन्दोलन जन्मायो र पुराना दलहरूको वर्चस्वमाथि गम्भीर प्रश्न उठायो। माओवादी लडाकुका हतियारबाट उत्पन्न हुन सक्ने सुरक्षा जोखिमबाट त्रसित सरकारले प्राथमिकताका साथ उनीहरूको व्यवस्थापन गऱ्यो। तर निःशस्त्र नागरिकको न्यायको अधिकारसम्बन्धी मुद्दा भने निरन्तर पछाडि धकेल्दै गयो।

अलपत्र प्रतिबद्धता र वलीय चलखेल

द्वन्द्वकालमा हत्या, बेपत्ता, यातना, यौन हिंसा, अङ्ग भङ्ग र सम्पत्ति कब्जाजस्ता उल्लङ्घनबाट पीडित निःशस्त्र नागरिक युद्ध अन्त्य, घटनाको निष्पक्ष अनुसन्धान, न्याय र परिपूरणको माग गर्दै अभियानरत थिए। शान्ति सम्झौता हुँदा तिनै पीडित सबैभन्दा खुसी भए, पीडाको सम्बोधन इमानदारीपूर्वक हुनेमा विश्वस्त देखिए। तर विधिशास्त्रको अवलम्बनमार्फत द्वन्द्वपीडितको पीडाको सम्बोधन सरकार तथा दलहरूको प्राथमिकतामा कहिल्यै परेन। बरु सङ्क्रमणकालीन न्यायका कानुन र आयोग प्रक्रियामाथि हस्तक्षेप गरी नियन्त्रणमा राख्ने, ढिलाइ गर्ने र न्याय टार्ने रणनीति लिए, पीडामाथि सत्ताको मोलमोलाइ र भागबन्डा गरे।६० दिनभित्र बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्ने, सङ्क्रमणकालीन न्यायसम्बन्धी आयोगहरू गठन गरी न्याय दिने, कब्जा सम्पत्ति फिर्ता गरी विस्थापितको पुनर्स्थापना गर्ने, दण्डहीनताको अन्त्य गर्नेजस्ता बीसौँ वर्षसम्म अलपत्र परेका सम्झौताका प्रतिबद्धताहरूले सरकार र दलहरूलाई गिज्याइरहेका छन्। संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिमा रहेर अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकारको बहस चलाउने नेपाल आफ्नै देशका पीडितहरूको वेदनाप्रति उदासीन बनेको छ।

नियन्त्रित र देखावटी प्रक्रिया

शान्ति सम्झौताको झन्डै ९ वर्षपछि गम्भीर अपराधका पीडकलाई उन्मुक्ति दिने आधार र कारण खोज्ने, गम्भीर उल्लैनमा पीडितको सहमतिबेगर पनि आयोगले क्षमादानका लागि सिफारिस गर्न सक्नेलगायतका प्रावधानसहित बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ दलीय सहमतिमा पारित गरियो। देखावटी सिफारिस समिति बनाएर दलीय भागबण्डामा नियन्त्रित बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग बनाइयो। आयोग बनाइएलगत्तै २०७१ फागुनमा ऐनका न्यायविरोधी व्यवस्थाविरुद्ध २३४ द्वन्द्वपीडितले दर्ता गरेको रिटउपर सर्वोच्च अदालतले विभिन्न प्रावधान संशोधन गर्न सरकारका नाममा परमादेश जारी गऱ्यो।पीडित, नागरिक समाज एवं अन्तर्राष्ट्रिय समुदायले ऐन संशोधन गर्न सरकारलाई खबरदारी गर्दागर्दै झन्डै दशक बित्यो। कानुन संशोधनको अपरिहार्यतालाई बेवास्ता गर्दै पुराना पदाधिकारीलाई हटाएर २०७६ मा फेरि दलीय भागबन्डामै आयोग बनाइयो।अदालतका फैसला एवं न्यायका मूल्य-मान्यता प्रतिकूलका कार्यादेश भएका आयोगसँग पीडित, नागरिक समाज एवं अन्तर्राष्ट्रिय समुदायले सहकार्य गरेनन्। सरकारको सहयोग, आवश्यक कानुन र साधनस्रोत नभएका, आन्तरिक विवादमा रुमल्लिएका, स्पष्ट मार्गचित्र तथा सरोकारवालाको विश्वास र सहकार्य नभएका आयोगहरू निकम्मा साबित भए।२०८१ भदौमा बल्लतल्ल ऐन संशोधन गरियो। संशोधनमा गम्भीर उल्लङ्घनको वर्गीकरण, परिपूरण द्वन्द्वपीडितको अधिकार, परिपूरण कोष, गम्भीर उल्लैनमा क्षमादान नहुने, आयोगमा एकाइहरू, नयाँ उजुरी दर्ता, विशेष अदालत गठनलगायतका राम्रा प्रावधान समावेश गरिए। तथापि ऐनमा गम्भीर उल्लैनको वर्गीकरण, ७५ प्रतिशतसम्म घटी सजायलगायतका आपत्तिजनक प्रावधान राखिए। २०८२ जेठमा फेरि पनि विश्वसनीय, पारदर्शी प्रक्रिया र योग्यताका आधार कुल्चेर पीडितको विरोधका बाबजुद देखावटी प्रक्रिया र क्षमताभन्दा दलीय भागबन्डामा बनाइएका आयोगलाई पीडितले स्वीकारेनन्। मुद्दा नहाल्न दबाबका बाबजुद भागबन्डाको नियुक्ति र ऐनका विवादित व्यवस्थाविरुद्ध ६७ जिल्लाका ३३४ द्वन्द्वपीडितले सर्वोच्चमा दायर गरेको रिट विचाराधीन छ। पीडितमैत्री कानुन र आयोग बनेका भए पीडितले आफ्नै लागि बनाइने आयोग र ऐनविरुद्ध पटक-पटक अदालत धाउनुपर्ने एवं निरन्तर खबरदारी गर्नुपर्ने नै थिएन।

स्वार्थ हावी

दलीय स्वार्थअनुसार परिचालित हुने, आफूले पद पाए ठीक र अरूले पाए बेठीक भन्ने नागरिक समाजका कतिपय पात्रका स्वार्थका कारण विधिप्रक्रिया, मापदण्ड, मूल्य-मान्यता एवं नागरिक आन्दोलन कमजोर भएको छ। न्यायका सिद्धान्त तथा प्रक्रियालाई मौसमी रूपमा आफूअनुकूल प्रयोग गर्ने र दलीय पहुँचका आधारमा लाभ हासिल गर्ने त्यस्ता प्रवृत्तिले २०८२ मा झनै कमजोर आयोग बन्न पुग्यो।गलत प्रक्रियाको विरोध गर्ने पीडित र अधिकारकर्मीविरुद्ध दुष्प्रचार गर्ने, त्रास सिर्जना गर्ने, दलीयताका आधारमा पीडितबीच विभेद गर्ने, पदाधिकारीबाटै दम्भ देखाउने, प्रलोभनमा पार्ने र चलखेल गरेर पीडितहरूबीच विभाजन ल्याउन खोज्ने तथा पीडित समुदायको भूमिका कमजोर बनाउन खोज्ने प्रवृत्तिसमेत आयोग प्रक्रियामा पीडितले भोगे।'प्रक्रिया कति लम्ब्याउने, अब त टुङ्ग्याउनुपऱ्यो', 'पीडित तथा पीडक दुवै पक्षको जित - विन-विन) ढङ्गले टुङ्ग्याउनुपर्छ', 'पीडितको बाध्यताको फाइदा उठाउँदै अलिकति राहत दिए पुग्छ', 'पीडितले न्याय चाहेका छैनन्' भन्ने भ्रमसमेत फैलाइयो। प्रक्रियालाई पीडितमैत्री र स्वीकार्य ढङ्गले सफल पार्नेभन्दा पीडकलाई कसरी उन्मुक्ति दिने भन्नेतर्फ ध्यान दिइयो।आफ्नो स्वार्थ मिल्दा अन्तर्राष्ट्रिय अभ्यास लाद्ने तर आफूलाई अप्ठ्यारो पर्दा नेपाली मोडेल हुनुपर्छ भन्ने दोहोरो चरित्र पनि देखाइयो। द्वन्द्वपीडितलाई न प्रहरीले, न सङ्क्रमणकालीन न्याय आयोगले, न त मानवअधिकार आयोगले नै न्याय दिए । सर्वोच्च अदालतका आदेशहरू तथा संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्का सिफारिसहरूसमेत कार्यान्वयन भएनन्।

समग्र समाधान

जेनजी आन्दोलनको जगमा २०८२ फागुनमा सम्पन्न निर्वाचनबाट दुईतिहाइ बहुमतसहित निर्वाचित नयाँ सरकारले पुरानो सरकारले गरेका राजनीतिक नियुक्तिको खारेजीसँगै नेपालको सङ्क्रमणकालीन न्यायलाई विश्वसामु एक नमुनाका रूपमा निष्कर्षमा पुऱ्याउने सुनौलो अवसर पाएको थियो।अघिल्लो सरकारले पूरा नगरेका दायित्व पूरा गर्नु नयाँ सरकारको जिम्मेवारी रहन्छ। पीडित समुदायले कानुनमन्त्रीलाई पत्र लेखेर, प्रधानमन्त्रीलाई खुलापत्र र सडकमा धर्नामार्फत तत्काल नयाँ आयोग गठन प्रक्रिया अगाडि बढाउन आग्रह गरे। तर, नयाँ सरकारले समेत यस विषयमा चासो नदेखाउनु र प्रक्रिया अगाडि नबढाउनु अत्यन्त उदेकलाग्दो र निराशाजनक छ।

मानवअधिकार उल्लैनका घटना पुनः नदोहोरिऊन्, पीडितले न्याय पाऊन् र दोषीहरू जवाफदेही बनून् भन्ने सन्देश दिनु सङ्क्रमणकालीन न्याय प्रक्रियाको मूल मर्म हो। तर आफैँ परिएला भनेर त्रसित सत्ताधारीहरूको मानवअधिकार उल्लङ्घनका घटना ढाक्छोप गर्न हरेकपटक आयोग बनाउने तर कसैलाई कारबाही नगर्ने र उन्मुक्ति दिने प्रवृत्तिले नै यतिका वर्षसम्म सङ्क्रमणकालीन न्याय अलपत्र पारिएको हो। स्वार्थप्रेरित भएर दण्डहीनता मौलाइरहने यस्तै गलत प्रवृत्तिका कारण जेनजी आन्दोलनमा मानवअधिकार उल्लङ्घन, ज्यादती र विध्वंसका घटनाहरू फेरि दोहोरिए। ज्यादती र विध्वंसमा संलग्न कसैलाई पनि कारबाही गरिएन। पीडकहरू गौरवान्वित हुने तर आमनागरिक सधैँ पीडा र अन्यायमा पिल्सिने दण्डहीनतालाई राज्यले कहिलेसम्म प्रश्रय दिइरहने हो ?कुनै पनि आन्दोलन वा कालखण्डमा कुनै पनि आवरणमा हुने मानवअधिकार उल्लैनमा सम्बन्धित पक्षलाई जवाफदेही बनाउने प्रणाली विकास गर्नुपर्छ। दण्डहीनताको अन्त्य तथा न्याय, सत्य र परिपूरणको अधिकार सुनिश्चित गर्ने विश्वसनीय सङ्क्रमणकालीन न्याय प्रक्रिया तत्काल अगाडि बढाउनुपर्छ। योग्य, सक्षम, अनुभवी, समाधानको स्पष्ट मार्गचित्र भएका, इच्छाशक्ति र सामाजिक विश्वास आर्जन गरेका व्यक्तिहरू छनोट गरी सक्षम तथा स्वायत्त आयोग गठन गर्नुपर्छ। समग्र आयोग प्रक्रियामा पीडित समुदायको अर्थपूर्ण प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुपर्छ।आयोगलाई आवश्यक संरचना, एकाइ, स्रोतसाधन तथा दक्ष जनशक्तिसहित कार्यसम्पादनका लागि आवश्यक व्यवस्था सरकारले गर्नुपर्दछ। ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियमावली, निर्देशिका र कार्यविधि बनाउँदा सम्बन्धित पक्षसँग परामर्श गर्नुपर्छ। आयोगको पहुँच दुर्गम क्षेत्रका पीडितसम्म पुग्ने गरी संरचना बनाउनुपर्छ र प्रत्येक एकाइमा सम्बन्धित विषय विज्ञलाई जिम्मेवारी दिनुपर्छ। आयोगका संरचना र कार्यप्रक्रिया पीडितकेन्द्रित, लैङ्गिकमैत्री र अपाङ्गता समावेशी हुनुपर्छ। अब पनि न्याय र जवाफदेहितालाई अनदेखा गरिरहे देश नै दण्डहीनताको दुष्चक्रमा फस्ने जोखिम देखिन्छ।

(बनलाईन खबर डटकम)

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय

बुटवल	०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल	९७४७०४३४६९
बुटवल रामनगर	०७१-५४१२३३
भैरहवा	०७१-५२०१९९
अर्घाखाँची	०७७-५२१९९९
गुल्मी	०७९-५२०१९९
परासी	०७८-५२०१९९
तौलिहवा	०७९-५६००९९
पाल्पा	०७५-५२०५३६, ५२०१९९
इकका रामपुर	०७५-६९१५५

अस्पताल कार्यालय

लुम्बिनीसिटी अस्पताल	०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल	०७१-५४०२००, ५४०२०१
	५४०२७१
भिमअस्पताल भैरहवा	०७१-५२०९९३
मिसनअस्पताल पाल्पा	०७५-५२०११९, ५२०४८९
परिवार नियोजन संघ पाल्पा	०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल	०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास	०७५-४११२०१
पिचन्द्र परासी	०७८-५२०१८८
भैरहवा आँखा अस्पताल	०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल	०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल	०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल	०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल	०७१-५४४४५०
बुटवल हस्पिटल	०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम	०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल	५४१००
लायन्स आँखा उ. केन्द्र बुटवल	५४५८४५
मेडिट्रेक अस्पताल	५४९७२
कान्तिपुर डेण्टल हस्पिटल	०७१-५४७८४०
आँखा अस्पताल पाल्पा	०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल	०७५-४००५४

एम्बुलेन्सहरू

रोटरी क्लब बुटवल	०७१-५४४६००
लिपो क्लब अस बुटवल	०७१-५४५८२३
रेडक्रस भैरहवा	०७१-५२०८६३
रेडक्रस भैरहवा	९७४७२९३,९८४७०२४६४
परासी	०७८-५२०१५५
रेडक्रस पाल्पा	०७५-५२०८००
रेडक्रस तौलिहवा	०७६-५६००५५
रेडक्रस अर्घाखाँची	०७७-५२०३५५, ४२७११७
रेडक्रस गुल्मी	०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ	०७१-५४०७८१
लुम्बिनी नर्सिङ होम प्रा.लि.	०७१-५४४९४१
नेपाल भारतमैत्री समाज मो.	९८४७०२५७९९
जनसेवा क्लब नर्यामिल	९८५७०२२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा	६२१५८८
क्लगाई क्लब क्लगाई	०७६-६९०७०२
रेडक्रस वेब्दह	०७१-५४७५९९
लुम्बिनी मेडिकल कलेज	०७५-५२०८४०
बुटवल जेसिस	९८४७२९९६४
न्यु एकता क्लब तानसेन	०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा	९८४७२०७६५
रामपुर टेड्नस्टी	९८५७०६२४७,९८५७०६८७४

दैनिक राशिफल

मेष : अनुभवी व्यक्तिको सुझाव उपयोगी हुनेछ। आराम गर्नु राम्रो हुन्छ।

वृष : नयाँ योजना बनाउन सकिनेछ। व्यक्तिगत सम्बन्धमा नजिकपन बढ्नेछ।

मिथुन : नयाँ जिम्मेवारीले काममा व्यस्तता बढाउनेछ। खर्च घटाउने सोच बन्न सक्छ।

कर्कट :आर्थिक पक्षमा नयाँसम्भावना देखिन सक्छ।सामाजिक भेटघाटमा प्रभाव बढ्नेछ।

सिंह :स्वास्थ्यमा खानपान मिलाउनु राम्रो हुनेछ। टाढाको यात्राको योजना बन्न सक्छ।

कन्या : आर्थिक समस्या मिल्ने संकेत छ। काममा रोकिएको विषय अघि बढ्नेछ।

तुला: काममा मेहनतको राम्रो मूल्य पाउने समय हो। उपयोगी सम्बन्ध बन्नेछ।

वृश्चिक : सहयोग गर्ने अवसर मिल्नेछ। शरीरलाई थकान नदिनु राम्रो हुन्छ।

धनु : बाहिरी सम्पर्कबाट राम्रो खबर आउन सक्छ। व्यापारमा अवसर देखिनेछ।

मकर : व्यक्तिगत योजना बनाउन राम्रो समय हो। तालिमतर्फ प्रगति हुनेछ।

कुम्भ: सहकार्यको प्रस्ताव आउन सक्छ। सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ।

मीन :परिवारसँगको सम्बन्धमा आत्मीयता बढ्नेछ। मनमा शान्ति र सन्तोष रहनेछ।

कृषि

दानाको मूल्यवृद्धिले संकटमा किसान



काठमाडौं, दूधको भाउ कम्तीमा लिटरको ७५ रुपैयाँ पुऱ्याउनुपर्ने माग गर्दै चितवनका दुग्ध किसानले ३० कात्तिकमा सडक आन्दोलन चेतावनी सहित विज्ञप्ति निकाले ।दैनिक ३ लाख ५५ हजार लिटर दूध उत्पादन गरी ५५ प्रतिशत काठमाडौं, ललितपुर, भक्तपुर, कास्की र मकवानपुर लगायत जिल्ला पठाउने तथ्यांक सार्वजनिक गर्दै चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेडले पशु आहारको मूल्य आकाशिँदा पनि राष्ट्रिय दुग्ध विकास नीति २०७८ अनुसार प्रत्येक दुई वर्षमा हुनुपर्ने मूल्य पुनरावलोकन नगरिएको गुनासो गरेको छ ।यही दबाबपछि बिहीबार दुग्ध विकास बोर्डले किसानका प्रतिनिधि र डेरी उद्योगीलाई एकै थलोमा राखेर छलफल त गऱ्यो, तर दूधको मूल्य कति तोक्ने भन्ने टुङ्गो चाहिँ लागेको छैन ।यो समस्या कुखुराको खोर र ह्युयाचरी उद्योगसम्म पनि उस्तै छ । अन्डा, मासु र चल्ला उत्पादन गर्ने किसान तथा उद्योगीहरू यतिबेला दानाको भाउ बढेकै कारण उत्पादन लागत धानिनसक्नु भएको गुनासो गरिरहेका छन् ।दूधदेखि अन्डा र मासुसम्मका सबै किसानलाई एकै पटक समस्यामा पारेको कारण हो- दाना र त्यसका मुख्य कच्चापदार्थ मकै तथा भटमासको मूल्यवृद्धि ।

किन बढ्यो दानाको मूल्य ?

नेपाल दाना उद्योग संघ अध्यक्ष उमेशचन्द्र सापकोटाका अनुसार दाना बनाउन आवश्यक कुल कच्चापदार्थको ८० देखि ८५ प्रतिशत हिस्सा मकै र भटमासजन्य वस्तुले ओगट्छ । पछिल्लो समय अन्तर्राष्ट्रिय र क्षेत्रीय बजारमा यी दुवै वस्तुको मूल्य बढेको छ ।'दानाको मूल्य बढ्नुको मुख्य कारण नै मकै र भटमासजन्य कच्चापदार्थ हो, यी वस्तुको मूल्य १५ देखि २० प्रतिशतले बढेको छ,' अध्यक्ष सापकोटाले भने, 'तर कच्चापदार्थ जुन अनुपातमा बढेको छ, त्यो अनुपातमा दानाको मूल्य बढेको छैन, त्यसैले अहिले पनि दाना उद्योगीहरू घाटामा छन् ।'सापकोटाका अनुसार पहिला प्रतिकिलो ३६ रुपैयाँ पर्ने मकै अहिले करिब ५० रुपैयाँ पुगेको छ । त्यस्तै भारतबाट आउने भटमासको पिना पहिला प्रतिकिलो ८५ रुपैयाँ पर्ने गरेकामा अहिले १ सय २० रुपैयाँभन्दा माथि पुगिसकेको छ ।भारतमा महँगो भएपछि नेपाली उद्योगीले बङ्गलादेशबाट सस्तोमा भटमासको पिना ल्याइरहेका थिए । बङ्गलादेशले अमेरिकाबाट भटमास ल्याई मिलमा पेलेर तेल निकालेपछिको पिना सात दिनमै नेपाल आइपुग्थ्यो ।पहिला प्रतिकिलो ८०-८२ रुपैयाँमा पाइने बङ्गलादेशी पिना हाल ९५-९६ रुपैयाँमा आइरहेको थियो । तर, शुक्रबार (आज) देखि त्यो आपूर्ति पनि रोकिएको सापकोटाले बताए ।'बङ्गलादेशले आजैदेखि भटमासको पिना दिन छाड्यो, त्यहाँका मिलहरूले अब नेपालमा नपठाउने भनेका छन्,' उनले भने ।नेपालमा वार्षिक करिब साढे ६ लाखदेखि ७ लाख टन मकै खपत हुने गरेको संघको तथ्यांक छ ।त्यसको करिब ७० प्रतिशत स्वदेशमै उत्पादन हुने भए पनि बाँकी ३० प्रतिशत भारतबाट मात्रै आयात गर्नुपर्ने बाध्यता छ । दानामा प्रयोग हुने करिब साढे ३ लाख टन भटमासको पिना भने शतप्रतिशत विदेशबाटै आयात गर्नुपर्छ्य अमेरिकाबाट सिधै मकै वा भटमास मगाउँदा खाडीको युद्ध लगायत कारण तीन महिना अर्थात् ७५ दिनभन्दा बढी समय लाग्ने सापकोटाले बताए । अबको चार महिनापछि चैतर-वैशाखमा नेपालमै नयाँ मकै निस्किने भएकाले तेस्रो मुलुकबाट मकै ल्याउन सम्भव नभएको उनको भनाइ छ ।

बजारमा करिब १५ थरीका दाना उत्पादन हुन्छन् । अहिले उद्योग मूल्य (एक्स फ्याक्ट्री) प्रतिकिलो ६० देखि ८२ रुपैयाँसम्म पुगेको छ । ढुवानी र डिलर कमिसन जोड्दा बजारमा तल्लो तहको दाना ६०-६२ रुपैयाँ र माथिल्लो तहको दाना ८७-८८ रुपैयाँ प्रतिकिलोसम्म पुगेको छ । गाईभैँसीका लागि समेत चोकरमात्र नभई प्रोटिन, क्यालियम र फस्फोरस सन्तुलन गरिएको दाना खुवाउनुपर्ने भएकाले दुग्ध किसान पनि यसको चपेटामा परेका छन् ।साना किसानले एक-दुई टन दाना सिधै उद्योगबाट गाडी भाडा तिरेर लैजाँदा झन् महँगो पर्ने भएकाले बीचमा डिपो र डिलरको उपस्थिति व्यावहारिक बाध्यता रहेको सापकोटाको तर्क छ ।'हामी उद्योगीको हातमा केही छैन, कच्चापदार्थ किनेको मूल्य हिसाब गरेर ५, १० वा २० पैसा नाफा जोडेर बेच्ने हो,' सापकोटाले भने, 'अन्तर्राष्ट्रिय बजार हेर्ने हो भने दानाको मूल्य अझै बढ्नुपर्ने स्थिति छ, तर किसानले अन्डा र मासुको मूल्य नपाएर घाटा खाइरहेकाले उनीहरूलाई अझै मार नपरोस् भनेर उद्योगीले नै घाटा खाएर बसिरहेका छौं ।'कच्चापदार्थको मूल्यवृद्धिको असर कुखुराको खोरदेखि ह्याचरी उद्योगसम्म देखिएको छ । नेपाल ह्याचरी उद्योग संघ अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार दानामा मकै र भटमास ८०-८५ प्रतिशत, ढुटोसहित ९०-९५ प्रतिशत र अन्य सामग्री जोड्दा शतप्रतिशत चिज बाहिरबाटै आयात गर्नुपर्छ्य ।कच्चापदार्थ महँगिएपछि दाना उद्योगले मूल्य बढाउनु स्वाभाविक भए पनि त्यसको मारमा किसान र ह्याचरी उद्योगी परेको उनले बताए ।लामिछानेले दिएको तथ्यांक अनुसार ब्रोइलर चल्लाको उत्पादन लागत प्रतिगोटा २२ देखि २५ रुपैयाँसम्म बढेर ७०-७५ बाट ९० रुपैयाँ पुगेको छ ।'किसानले नाफा हुन्छ भन्ने आधार नमानेसम्म चल्ला हाल्ने कुरा भएन, किसानले चल्ला नहाल्ने बित्तिकै ह्याचरीहरूले आफ्नो चल्ला गाह्रो कुरा पनि भएन,' लामिछानेले भने ।

यस्तै पहिला प्रतिगोटा १ सय २५ रुपैयाँ लागत पर्ने लेयर्स चल्ला उत्पादन खर्च २०-२५ रुपैयाँ बढेर अहिले १ सय ५० पुगेको छ ।अन्डा र ब्रोइलर किसानको अवस्था पनि उस्तै छ । दाना महँगिँदा अण्डा उत्पादन लागत प्रतिगोटा २ देखि ३ रुपैयाँले वृद्धि भएको छ, तर बजार माग नहुँदा दसैँ-तिहार अगाडिसम्म प्रतिक्रेट ५ सयदेखि ५ सय ५० रुपैयाँ रहेको अण्डा अहिले ४ सयभन्दा कममा झरेको लामिछानेले बताए ।ब्रोइलर कुखुरामा किसानले प्रतिकिलो कम्तीमा २ सय ३० देखि २ सय ३५ रुपैयाँ पाएमात्र खर्च उठ्छ । तर, भाउ घटेर अझै लागत उठ्ने अवस्था नरहेको उनको भनाइ छ ।-ह्याचरीवाला पनि घाटा, अन्डा उत्पादन गर्ने किसान पनि घाटा र ब्रोइलर उत्पादन गर्ने किसान पनि घाटा-अहिले सबै घाटाको अवस्था छ, लामिछानेले अनलाइनखबरसँग भने, 'जसरी भए पनि कुखुरा पाल्ने किसानलाई केही पैसा नाफा हुनुपऱ्यो, त्यसमा सरकारले के गर्न सक्छ हेरिदिनुपऱ्यो ।'दाना नबिग्रिने वस्तु भए पनि अन्डा र मासु निश्चित समयमा खपत नभए कुहिएर खेर जाने भएकाले किसान सस्तोमा बेच्न बाध्य भएको सापकोटाले बताए ।विगत सात-आठदेखि दस वर्षयता कुखुराको मासु प्रतिकिलो ३ सय ५० देखि ४ सय रुपैयाँभन्दा मुनि नै रहेको र अण्डा तथा दूधको भाउ पनि उस्तै रहँदा दानाको मूल्य अझै धेरै माथि पुगिसकेको उनको भनाइ छ ।यही कारण किसान पलायन हुँदा अहिले बजारमा घिउ, दूध, दही र पनिर समेत अभाव देखिन थालेको सापकोटा बताउँछन् ।

'उपभोक्तालाई केही महँगी त पर्ला, तर किसानले लागत त उठाउनुपऱ्यो नि' किसानले अलिअलि फाइदा गर्न पाएमात्र व्यवसाय चलायमान हुन्छ र बजारमा वस्तु पाइन्छ, सापकोटाले भने, 'अहिलेको अवस्थामा दूध, मासु र अन्डाको मूल्य बढ्नैपर्ने स्थिति छ ।'...

बजारमा माग बढेपछि 'थारु आलुखेती' विस्तार गर्दै किसान



बर्दिया, स्वादिलो, लामो समयसम्म भण्डारण गर्न सकिने र बजारमा राम्रो मूल्य पाउने भएपछि बर्दियाका किसान रैथाने आलुखेतीतर्फ आकर्षित हुन थालेका छन् । स्थानीय तहले बीउमा अनुदान दिन थालेपछि यसको खेती विस्तार हुँदै गएको छ । बढैयाताल गाउँपालिका-६ मैनापोखरका किसान हाकिम थारुले गत वर्ष गाउँपालिकाबाट अनुदानमा प्राप्त बीउबाट राम्रो उत्पादन भएपछि यस वर्ष खेतीको क्षेत्रफल बढाएका छन् । गत वर्ष एक कट्ठामा खेती गर्दा चार क्विन्टल आलु उत्पादन भएको र स्वाद तथा बजार मूल्य राम्रो पाएपछि यस वर्ष दुई कट्ठामा खेती गर्न लागेको उनले बताए ।उनले भने, "स्थानीय थारु आलुको स्वाद राम्रो छ । उत्पादन राम्रो भएपछि यस वर्ष खेती विस्तार गरेको हुँ । मैनापोखरका किसान परशुराम थारुले गत वर्ष दुई कट्ठा क्षेत्रफलमा थारु आलुखेती गरेर सात क्विन्टल उत्पादन गरेका थिए ।

उत्पादित आलुमध्ये चार क्विन्टल बिक्री गरेर रु २० हजार आम्दानी गर्न सफल भएको उनले जानकारी दिए । उनले भने, "थारु आलुको बजार राम्रो छ । आलु किन्न ग्राहक घरमै आउने गरेका छन् । त्यसैले यसको खेतीबाट राम्रो आम्दानी गर्न सकिन्छ ।" यस वर्ष पनि खेतीलाई निरन्तरता दिएको उनले बताए।बर्दियाको राजापुर नगरपालिका-८ घर भई नेपालगन्ज बस्दै आउनुभएकी सपना भट्टराईले बजारमा उपलब्ध भएसम्म थारु आलु नै किन्ने गरेको बताइन् । स्वादिलो हुनुका साथै लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले सिजनमा किनेर वर्षभरि पुग्नेगरी राख्ने गरेको उनको भनाइ छ ।एक दशकअघि लोप हुने अवस्थामा पुगेको थारु आलु बजारमा माग बढ्न थालेपछि पुनः खेती विस्तार र व्यावसायिक उत्पादनतर्फ उन्मुख भएको छ । बर्दियामा उत्पादित आलुको माग स्थानीय बजारका साथै नेपालगन्ज, कोहलपुर, काठमाडौं र पोखरासम्म हुने गरेको राजापुरका किसान जगत चौधरीले बताए ।

आलुको संरक्षण र व्यावसायिक खेती प्रवर्द्धनका लागि जिल्लाका विभिन्न स्थानीय तहले अनुदानमा बीउ वितरण गर्न थालेका छन् । बढैयाताल गाउँपालिकाका विभिन्न वडामा ३० हेक्टर क्षेत्रफलमा तरकारीखेती हुँदै आएकामा पाँच हेक्टरमा थारु आलुखेती हुने गरेको गाउँपालिकाका कृषि प्रसार अधिकृत शरण चौधरीले बताए । उनका अनुसार गाउँपालिकाले गत वर्ष आलुखेती विस्तार गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा १६ क्विन्टल आलुको बीउ वितरण गरेको थियो । चालु आर्थिक वर्षमा आलुखेती विस्तारका लागि रु चार लाख बजेट विनियोजन गरिएको छ । किसानको मागका आधारमा उक्त बजेट थारु आलुखेती प्रवर्द्धनमा खर्च गर्न सकिने उनले जानकारी दिए ।रैथाने बालीका रूपमा रहेको थारु आलु जिल्लाका आठवटै स्थानीय तहमा खेती हुने गरेको एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय बर्दियाका कृषि प्राविधिक अधिकृत फिर्तुमान चौधरीले बताए । उनका अनुसार उत्पादन क्षेत्रफलको एकिन तथ्याङ्क नभए पनि बारबर्दिया, राजापुर र ठाकुरबाबा नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालिकामा यसको खेती बढी हुने प्रतिसर्ट टन (९ सय ७ किलो) ३ सय ३२ देखि ३ सय ३६ डलर अर्थात् करिब ३ सय ६६ देखि ३ सय ७० डलर प्रतिटन हाराहारी आइपुगेको छ । अमेरिकी डलर १९ महिनायताकै बलियो विन्दुमा पुग्नु र ब्राजिलमा ७८ प्रतिशत भटमास रोपाइँ सकिएर सहज आपूर्तिको संकेत देखिनुले विश्व बजारमा मूल्य घटेको हो । ब्राजिलमा मकै निर्यात मूल्य प्रतिटन १ज सय ९८ देखि २ सय २ डलर आसपास स्थिर छ भने अर्जेन्टिनामा आगामी सिजनमा ६ करोड ७५ लाख टन मकै उत्पादन हुने प्रक्षेपण गरिएको छ ।

युक्रेन र युरोपमा समेत अहिले मूल्य नरम देखिएको छ । युक्रेनमा यस वर्ष मकै कटनीमा ढिलाइ भएर नोभेम्बर १६ सम्म ५६.२ प्रतिशतमात्र बाली भित्रिएको र भण्डारण क्षमता अभाव तथा ब्ल्याक सी बन्दरगाहबाट निर्यातमा अवरोध कायमै रहेकाले आन्तरिक बजारमा मकै थुप्रिएको छ ।यसका कारण युक्रेनी मकैको निर्यात मूल्य (ओडेसा एफओबी) नोभेम्बर सुरुवातको युरो ०.१२३ बाट युरो ०.११९ प्रतिकिलोमा झरेको छ ।युरोपेली संघमा सुक्खा मौसमले यस वर्ष करिब ६९ लाख टन मकै उत्पादन (१२ प्रतिशत) घटे पनि युक्रेनको सस्तो आपूर्ति र दानाको सुस्त मागले नोभेम्बरमा फ्रान्समा मकै युरो ०.२७ बाट ०.२६ प्रतिकिलो र जर्मनीमा युरो ०.२९ बाट ०.२८ प्रतिकिलोमा ओर्लिएको छ ।इजिप्टमा पनि अक्टोबरयता डलर व्यवस्थापन र भन्सार जाँचपास सहज भएसँगै ब्राजिल, अर्जेन्टिना, युक्रेन र अमेरिकाबाट मकै भित्रिन थालेपछि पहँलो मकै र भटमास पिनाको मूल्य घटेको छ ।टर्कीमा भने कीर्तिमानी २ करोड ३० लाख टन गहुँ उत्पादन भई सरकारी अन्न एजेन्सीले १ करोड टनभन्दा बढीको भण्डारणबाट दाना गहुँ बिक्री खुलाएपछि आगामी फेब्रुअरीसम्म मकैको सकिय आयात स्थगित हुने अवस्था बनेको छ ।तर, एसियाली बजारमा भने अवस्था उल्टो छ । थाइल्यान्डमा एल-निनो र प्रतिकूल मौसमले मकै कटनी ढिलाइ हुँदा दाना मकैको अभाव भई मूल्य सरकारी लक्ष्य ०.२९ डलर नाघेर ०.३४ डलर प्रतिकिलो नजिक पुगेको छ । त्यहाँका उद्योगीहरूले आयात प्रतिबन्ध खुकुलो पार्न सरकारसँग माग गरिरहेका छन् ।बङ्गलादेशमा यस वर्ष डिजेलको भाउ ३५ प्रतिशतले बढ्नु, भारतबाट सस्तो मकै कम आउँदा ब्राजिल र अमेरिकाबाट महँगो समुद्री ढुवानीमा भर पर्नु तथा क्षेत्रीय आपूर्ति चापका कारण मकै करिब २४ प्रतिशत र भटमासको पिना १४ प्रतिशतले महँगिएको छ ।आन्तरिक संकट बढेपछि बङ्गलादेशले नेपालतर्फ भटमासको पिना पठाउन रोक लगाउँदा नेपाली उद्योगमा त्यसको असर अझै देखिने उद्योगीहरू बताउँछन् । *अनलाइन खबर डटकम*

...विश्व बजारमा सस्तिँदो मकै-भटमास,एसियामा भने दबाब

नेपालका उद्योगीले युक्रेन, युरोप, टर्की, इजिप्ट र विश्वभरि नै मकै तथा भटमासको समस्या रहेको बताए पनि अन्तर्राष्ट्रिय बजारको नोभेम्बर मध्यसम्मको ताजा तथ्यांकले भने मिश्रित अवस्था देखाउँछ ।विश्वव्यापी रूपमा मासु, दूध र अन्डा (एनिमल प्रोटिन) को माग बढिरहँदा र मकै-भटमास (प्लान्ट प्रोटिन) उत्पादन सीमित हुँदा वर्षको मध्यतिर विश्व बजारमा दबाब थियो । तर, नोभेम्बरमा आइपुग्दा अमेरिका, युरोप, युक्रेन, इजिप्ट र टर्कीजस्ता बजारमा मूल्य घटेको वा स्थिर अवस्थामा देखिएको छ ।

अन्तर्राष्ट्रिय बेन्चमार्क मानिने अमेरिकी कमोडिटी एक्स्चेन्ज (सीबीओटी) मा नोभेम्बर १९ र २० को कारोबार अनुसार मकैको मूल्य प्रतिबुसेल करिब ४.३८ देखि ४.३९ डलर (करिब १ सय ७२ देखि १ सय ७३ डलर प्रतिटन) मा झरेको छ । यो पछिल्लो १४ हप्ता अर्थात् अगस्टयताकै न्यूनस्तर हो । पछिल्लो चार सातामा अमेरिकी बजारमा मकै ६ प्रतिशतभन्दा बढीले घटेको छ ।भटमासको भाउ पनि नोभेम्बरमा करिब ३ प्रतिशत घटेर प्रतिबुसेल १२.०७ देखि १२.०९ डलर (करिब ४ सय ४३ देखि ४ सय ४४ डलर प्रतिटन) मा झरेको छ ।

यस्तै भटमासको पिना

गुल्मीको पुर्तिघाटमा निकालियो राधाकृष्णको रथयात्रा



गुल्मी, मंसिर ५/गुल्मीको कालीगण्डकी गाउँपालिका-४ स्थित पुर्तिघाट बजारमा परम्परागत राधाकृष्णको रथयात्रा निकालिएको छ । वैदिक परम्पराअनुसार परापूर्वकालदेखि प्रत्येक द्वादशी तिथिमा आयोजना हुँदै आएको कृष्ण रथयात्रा यस वर्ष पनि धार्मिक तथा सांस्कृतिक विधिअनुसार निकालिएको हो ।

रथयात्रामा स्थानीयवासी, भक्तजन तथा विभिन्न समुदायका व्यक्तिहरूको सहभागिता रहेको थियो । परम्परागत रूपमा सजाइएको रथसहित स्थानीय बाजागाजा, भजनमण्डली, नेवार समुदायका परम्परागत नाच, मगर समुदायको मौलिक भेषभूषा तथा विभिन्न झाँकीले जात्रालाई थप आकर्षक बनाएका थिए । भजनकीर्तन गाउँदै, बाजागाजाको तालमा रमाउँदै भक्तजनहरूले पुर्तिघाट बजारको परिक्रमा गरेका थिए । रथयात्राका क्रममा सहभागीहरूले भगवान् श्रीकृष्णप्रति श्रद्धा प्रकट गर्दै भोग तथा प्रसाद ग्रहण गरेका थिए । धार्मिक आस्था, सांस्कृतिक विविधता र सामुदायिक एकताको प्रतीकका रूपमा रहेको यस जात्रामा स्थानीय मौलिक कला, संस्कृति र परम्पराको समेत प्रदर्शन गरिएको थियो ।बजार परिक्रमा सम्पन्न भएपछि रथलाई कृष्ण मन्दिरमा पुऱ्याएर विधिपूर्वक विसर्जन गरिएको स्थानीय युवा प्रज्ञान श्रेष्ठले बताए । परापूर्वकालदेखि निरन्तर सञ्चालन हुँदै आएको राधाकृष्ण रथयात्राले पुर्तिघाट क्षेत्रको धार्मिक तथा सांस्कृतिक पहिचानलाई जोगाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ । पुस्तौंदेखि चल्दै आएको यस परम्पराले नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति, धार्मिक मान्यता र सामाजिक सद्भावसँग जोड्नसमेत सहयोग पुऱ्याउँदै आएको स्थानीयवासीको विश्वास छ । विभिन्न जातजाति र समुदायका मौलिक संस्कृति, भेषभूषा, बाजागाजा तथा नाचगानको सहभागिताले पुर्तिघाटको रथयात्रा धार्मिक उत्सवमा मात्र सीमित नभई आपसी सद्भाव र सांस्कृतिक सहअस्तित्वको उदाहरण समेत बनेको छ ।

खेलकुद समाचार

सुदूरपश्चिमले जित्यो एनपीएलको उपाधि



काठमाडौं, मंसिर ५/ सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) को उपाधि जितेको छ । शनिबार भएको फाइनलमा लुम्बिनी लायन्सलाई १० विकेटले पराजित गर्दै सुदूरपश्चिम च्याम्पियन बनेको हो ।

लुम्बिनीले दिएको १ सय ५६ रनको लक्ष्य सुदूरपश्चिमले १३.३ ओभरमै बिना विकेट क्षति पूरा गऱ्यो । सुदूरपश्चिमका जर्ज मुन्सेले ४९ बलमा शतक पूरा गरे । उनले ८ चौका र ८ छक्का प्रहार गरे । विनोद भण्डारीले पनि उनलाई उत्कृष्ट साथ दिए । त्रिवि क्रिकेट स्टेडियममा टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनी लायन्सले ६ विकेटको क्षतीमा १५५ रन बनाएको थियो । विजेता बनेको सुदूरपश्चिम रोयल्सले १ करोड ५० लाख प्राप्त गर्नेछ । उपविजेता बनेको लुम्बिनी लायन्सले ८० लाख प्राप्त गर्नेछ । तेस्रो भएको चितवन राइनोजले ४० लाख र चौथो भएको काठमाडौं गोर्खाजले ३० लाख रुपैया पाउनेछ ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

आगन सहकारीको सातौं साधारण सभा



पाल्पा, मंसिर ५/ आगन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको सातौं वार्षिक साधारण सभा शनिबार तानसेनमा भएको छ । तानसेन नगरपालिका -२ मा सञ्चालन हुँदै आएको सहकारीले एक औपचारिक कार्यक्रमकाबिच साधारण सभा मनाएको हो ।

सभाको कार्यक्रमका प्रमुख अतिथि तथा संस्थाका सल्लाहकार राष्ट्रिय वाणिज्य बैंकका पूर्वप्रबन्धक मित्रलाल नेपाली उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै उनले सहकारी संस्थाले शेयर सदस्यको हितलाई केन्द्रमा राखेर आफ्ना गतिविधि सञ्चालन गर्नुपर्ने बताए । नेपालीले सदस्यको आर्थिक तथा सामाजिक अवस्था सुधारमा सहकारीले महत्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिए । विशिष्ट अतिथि जिल्ला सहकारी संघ पाल्पाका अध्यक्ष भूपति पाण्डेले सहकारीप्रति सदस्यको आकर्षण बढाउने र उनीहरूको आवश्यकता सम्बोधन गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्ने बताए । उनले सहकारी संस्थाको दिगोपनका लागि सदस्यको विश्वास र सहभागिता महत्वपूर्ण हुने धारणा राखे । सभामा संस्थाका अध्यक्ष गोपालप्रसाद बस्यालले वार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्ष रामप्रसाद खनालले आर्थिक वर्षको आयव्यय विवरण प्रस्तुत गरेका थिए ।

यस्तै लेखा सुपरिवेक्षण समितिका संयोजक भविन्द्र गौतमले संस्थाको सबल तथा कमजोर पक्ष औंल्याउँदै सुधारका लागि सुझावसहितको प्रतिवेदन प्रस्तुत गरे । सोही अवसरमा सहकारीले शेयर सदस्यका एसईई उत्तीर्ण छोराछोरीलाई सम्मान समेत गरेको थियो । सभाले अध्यक्ष र कोषाध्यक्षद्वारा प्रस्तुत प्रतिवेदन सुझावसहित पारित गरेको छ । साथै आगामी आर्थिक वर्षका लागि प्रस्तावित रणनीतिक योजनासमेत सभाले पारित गरेको संस्थाले जनाएको छ । संस्थाका अध्यक्ष गोपालप्रसाद बस्यालको अध्यक्षता, उपाध्यक्ष मिलन विश्वकर्माले स्वागत, सचिव श्रीप्रकाश डुंगानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पाल्पाको पर्यटन प्रवर्द्धन...

...'पाल्पामा पर्यटकीय सम्भावना बोकेका थुप्रै स्थल छन् ।

तिनको प्रचारप्रसार र आवश्यक पूर्वाधार निर्माणमा सरकार ले काम गरिरहेको छ,' उनले भने, 'साइकल यात्राले यहाँको पर्यटन विकासमा टेवा पुग्ने विश्वास लिएका छौं ।' उनले पर्यटकीय स्थललाई जोडेर पाल्पामा व्यावसायिक साइकल यात्राको सम्भावना रहेको पनि उल्लेख गरे । यात्राको पहिलो दिन साइकलयात्रीले तानसेनका नारायण टोल, असन टोल, तानसेन दरबार र भगवती मन्दिरको अवलोकन गर्दै आर्यभञ्ज्याङ, चिदिपानी, हुमिन तथा पूर्वखोला गाउँपालिकाका विभिन्न पर्यटकीय क्षेत्रको यात्रा गर्ने कार्यक्रम छ । त्यहाँबाट निस्दी गाउँपालिकास्थित अमरिसो बगान क्षेत्र काउलेडाँडा पुगेर पहिलो दिनको यात्रा विश्राम हुनेछ । दोस्रो दिन मंसिर ६ गते बिहान काउलेडाँडाका पर्यटकीय क्षेत्रको अवलोकनपछि किर्तिपुर हुँदै रामपुर नगरपालिकासम्म साइकल यात्रा गरिने संघका सदस्य शान्तम थैवले जानकारी दिए । यस यात्राले पूर्वी पाल्पाका ग्रामीण बस्ती, प्राकृतिक दृश्य र स्थानीय पर्यटनको सम्भावनालाई बाहिर ल्याउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

संघका महासचिव विज्ञान बज्राचार्यका अनुसार यात्रामा ११ जना महिला र १८९ जना पुरुष गरी कुल दुई सय जनाको सहभागिता छ । सहभागीको उमेर १६ देखि ६१ वर्षसम्म रहेको छ । कार्यक्रम सञ्चालनका लागि करिब १५ लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ । पाल्पा साइकलिङ संघले यसअघि पनि जिल्लाका सम्पदालाई साइकल यात्रामार्फत चिनाउने अभियान सञ्चालन गर्दै आएको छ । संघले २०७९ मा पहिलो संस्करणअन्तर्गत तानसेन र पश्चिम पाल्पाका सम्पदालाई समेटेर यात्रा आयोजना गरेको थियो । दोस्रो संस्करण २०८२ मा 'सम्पदा यात्रा' मूल नारासहित तानसेन दरबारदेखि रामनिहल दरबारसम्म प्रतिस्पर्धात्मक साइकल यात्रा सञ्चालन गरिएको थियो । तेस्रो संस्करणमा भने पश्चिम पाल्पापछि पूर्वी पाल्पाका पर्यटकीय तथा ऐतिहासिक गन्तव्यलाई यात्राको केन्द्र बनाइएको छ । साइकलका माध्यमबाट गाउँबस्तीका सम्पदा, संस्कृति र प्राकृतिक सौन्दर्यलाई जोड्ने यो प्रयासले पाल्पालाई पर्यटनको नयाँ गन्तव्यका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास आयोजकले लिएका छन् ।

सम्पूर्ण उद्योगी तथा व्यापारीहरुमा घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको अनुरोध !!!

- उद्योग तथा व्यापार व्यवसाय दर्ता गरेर मात्र सञ्चालन गरौं।
- १० लाखसम्म पूँजी भएका प्राइभेट फर्म सम्बन्धित स्थानीय तहमा दर्ता गरौं र सो भन्दा माथी पूँजी भएका फर्महरु घरेलु तथा साना उद्योग कार्यालय पाल्पामा दर्ता गरौं ।
- प्राइभेट फर्म दर्ता भएको ५ आर्थिक वर्ष पछि ६ महिना भित्र र साझेदारी फर्म दर्ता भएको १ आर्थिक वर्षपछि ३ महिना भित्र नवीकरण गरौं ।
- प्राइभेट फर्मको नवीकरण म्याद समाप्त भएको ६ महिना भित्र र साझेदारीको हकमा नवीकरण म्याद समाप्त भएको ३ महिना भित्र नवीकरण गरौं ।
- फर्म दर्ता प्रमाण-पत्रमा उल्लेख गरिएको उद्देश्य अनुसार वस्तु तथा सेवाको उत्पादन तथा बिक्री वितरण गरौं।
- उद्योगबाट उत्पादन हुने वस्तुहरुमा उत्पादन मिति प्रयोग समाप्त मिति, बिक्री मुल्य प्रयोग गर्ने तरिका, भण्डारण गर्ने तरिका आदि उल्लेख गरी लेवलिङ्ग गरेर मात्र बिक्री वितरण गरौं।
- पुनश्चः माथि उल्लेखित कुराहरुको विपरित तथा प्रचलित कानून विपरित कोहि कसैले उद्योग तथा व्यापार व्यवसाय सञ्चालन गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।
- मिति : २०८२ असार मसान्तसम्म नवीकरण नगरेका फर्महरुको नवीकरण गर्दा लागने जरिवानामा २०८४ असार मसान्त सम्म ७५ प्रतिशत छुटको व्यवस्था गरिएको हुँदा लामो समयसम्म नवीकरण नगरेका तथा सञ्चालन बन्द भएका उद्योग तथा पसलहरु समयमै नवीकरण तथा लगतकट्टा गरी छुट सुविधाको फाईदा लिनुहुन अनुरोध छ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित. कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८. पा.जि.प्र.का.द.नं. १८/०७५/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायामाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई